बाँफिकोट गाउँपालिकाका अध्यक्ष
श्री जनक कुमार बाठाँ मगरद्वारा
२० औं गाउँसभाको अधिवेशनमा
प्रस्तुत

# आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम

२०८३ असार ४ गते, विहीबार

बाँफिकोट गाउँपालिका
रुकुम पश्चिम
२०८३

बाँफिकोट गाउँपालिकाको उपाध्यक्ष ज्यू ,
गाउँसभाका सदस्यज्यूहरु,
उपस्थित कर्मचारीज्यूहरु, सञ्चारकर्मीज्यूहरु,
भद्र महिला तथा सज्जनवृन्दहरु ।

बाँफिकोट गाउँपालिकाको अध्यक्षको रुपमा मेरो कार्यकालको अन्तिम आ.व. २०८३।८४ को वार्षिक बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा भावुकताका साथ् खुसी लागेको छ ।

सर्वप्रथम, नेपालमा भएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना र परिवर्तनकामी जेन जी आन्दोलनमा आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहीदहरुप्रति उच्च सम्मानकासाथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै आन्दोलनमा बेपत्ता, घाइते र अपाङ्ग योद्धाहरुप्रति उच्च सम्मान प्रकट गर्दछु ।

"समृद्द नेपाल: सुखी नेपाली" को दीर्घकालीन लक्ष्यलाइ प्राप्त गर्ने राष्ट्रिय लक्ष्यलाइ आत्मसाथ गर्दै नेपालको सङ्घीय सरकारको नीति तथा कार्यक्रम र कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रमसँग आन्तरिकीकरण गर्दै बाँफिकोट गाउँपालिकाको विभिन्न विषयगत क्षेत्रका समितिहरु, कार्यपालिका सदस्यज्यूहरु, नीति तथा कार्यक्रमको अन्तरक्रियाबाट प्राप्त राय-सुझाव र गाउँसभाका आदरणीय सदस्यहरुले दिनु भएका मतलाई समेटेर नीति तथा कार्यक्रम तर्जुमा गरेको छु ।

उपस्थित गाउँ सभा सदस्यज्यूहरु,

१. बाँफिकोट गाउँपालिकाको बजेट विनियोजनको अवस्थालाई सुधार गर्दै विनियोजन कुशलता र खर्च व्यवस्थापन गरी आर्थिक स्रोतको कुशल परिचालन मार्फत बाँफिकोट गाउँपालिकाको हस्तान्तरित दायित्व रकम आर्थिक वर्ष २०८२-८३ बाट शुन्यमा राखी आर्थिक वर्ष २०८३-८४ को नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्दा दायित्व विहिन हुने गरी नीति तथा कार्यक्रम र बजेट विनियोजन गरिनेछ ।

२. गाउँपालिकाको सीमित स्रोतको परिचालन गर्दा गाउँपालिकाको क्षमतालाई मध्यनजर गर्दै स्थानीय जनताको आवश्यकताहरुलाई सम्बोधन गर्न ठूला भौतिक पूर्वाधारहरुका आयोजनाहरुको निर्माण सङ्घीय सरकार र प्रदेश सरकारसँग पहल र समन्वय गर्ने र गाउँपालिकाको नीति तथा कार्यक्रम आधारभूत आवश्यकता र सेवा प्रवाहमा केन्द्रित हुने गरी नीति तथा कार्यक्रमहरु प्रस्तुत गरेको छु ।

३. गाउँपालिकाको सिमीत स्रोतको अधिकतम परिचालन गर्न अनुत्पादक क्षेत्रको खर्च कटौतीको शुरुवात गरिनेछ । संगठन संरचनाको दरबन्दी चुस्त पार्न अधिक कर्मचारीहरु रहेका निकायमा कटौती र निम्न कर्मचारीहरु रहेको कार्यालयमा थप गर्दै कुशल व्यवस्थापन मार्फत व्यवस्थापन गर्दै खर्च समेत कटौति गर्ने निति लिईनेछ ।

४. गाउँपालिकाको सिमीत स्रोतको अधिकतम परिचालन गर्न अनुत्पादक क्षेत्रको खर्च कटौतीको शुरुवात क्रमिक रुपमा लागु गरिनेछ ।

५. आगामी आर्थिक वर्ष २०८३-८४ शिक्षा सुधारको गुणस्तर सुधार वर्षको रुपमा लिई शिक्षाको गुणस्तर सुधारमा विशेष केन्द्रित भई कार्यक्रमहरु तर्जुमा गरिनेछ । शिक्षा क्षेत्रको बजेटको कुशल व्यवस्थापन गर्न विद्यालयहरुको वैज्ञानिक, वस्तुगत र विशेष अवस्थालाई मध्यनजर गर्दै विद्यालयहरुको मर्जर, घटुवा वा बढुवा, शिक्षक दरबन्दि मिलान गरिनेछ र क्रमिक रुपमा भएको खर्च कटौतीबाट गाउँपालिका शिक्षा क्षेत्रमा लगानी गर्दै गाउँपालिकाका अनुदान शिक्षक तथा कर्मचारीहरुको समयानुकुल सेवा, सुविधा वृद्दि गर्दै लगिनेछ ।

६. बाँफिकोट गाउँपालिकामा निर्मित सार्वजनिक भवनहरुमा गाउँपालिका अन्तरगतका कार्यालयहरु, शाखा तथा सेवा ईकाईहरु सञ्चालन गर्दै उपयोग गर्दै लगिनेछ ।

७. पशु पन्छिमा लाग्ने रोगको उपचारको लागि औषधि खरिद तथा खोप भण्डारण, वितरण, पशुजन्य रोग महामारी उपचार, पशु पालक किसान घरदैलोमा भेटघाट, कृत्रिम गर्भाधान, पशु सम्बन्धी खोप लगायतका कार्यक्रम सन्चालन गरिनेछ । दुग्ध उत्पादनका लागि पशु नस्ल सुधार कार्यक्रमलाई प्रभावकारी बनाउँदै लगिनेछ । गर्भवती गाईभैसीं आहार प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

८. सडक सञ्जालमा नजोडिएका कृषकको उत्पादनलाइ बजार स्थल सम्म पुर्याउन कृषकहरुलाई राहत स्वरुप ढुवानीमा अनुदान प्रदान गरिनेछ । कृषक र खरिदकर्ताको पहिचान गरी बजार पहुँचको लागि कृषकहरुलाई कृषी विकास शाखाबाट सेवा तथा सुझाव प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

९. बाँफिकोट गाउँपालिकामा किसान सूचीकरण, कृषि, पशुपन्छी तथा मत्स्य तथ्याकं अध्यावधिक कार्यक्रम तथा रैथाने बाली प्रवर्द्धन कार्यक्रम सन्चालन गरिनेछ । पकेट विकास कार्यक्रम मार्फत उच्च मूल्य कृषि वस्तुको उत्पादनलाई प्रोत्साहन गर्ने नीति लिइनेछ । कृषि विकास शाखा मार्फत वालीमा लाग्ने रोग किरा नियन्त्रणका उपाय अवलम्बन गरि, बाँझो जग्गा सदुपयोगकालागि कृषकहरुको माटो परीक्षण, आकस्मिक बाली संरक्षण कार्यक्रम, वर्षे तथा हिउँदे तरकारी विउ वितरण कार्यक्रम सन्चालन गरिनेछ । उत्कृष्ठ कृषकलाई पुरस्कृत गर्ने तथा अगुवा कृषकलाई विभिन्न तालिमहरुको व्यवस्था गरिनेछ ।

१०. पशु पन्छिमा लाग्ने रोगको उपचारको लागि औषधि खरिद तथा खोप भण्डारण, वितरण, पशुजन्य रोग महामारी उपचार, पशु पालक किसान घरदैलोमा भेटघाट, कृत्रिम गर्भाधान, पशु सम्बन्धी खोप लगायतका कार्यक्रम सन्चालन गरिनेछ । दुग्ध उत्पादनका लागि पशु नस्ल सुधार कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । गर्भवती गाईभैसीं आहार प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

११. बाँफिकोट गाउँपालिकामा संचालित सिंचाइ कुलोहरुको निर्माण, नियमित मर्मत सम्भार गरिनेछ। आधुनिक कृषि औजारहरुको प्रयोगमा जोड दिइ, कृषिमा यान्त्रीकिकरण, आधुनिकिकरण, व्यवसायिकरण, र रोजगार मैत्री खेतीपातीमा जोड दिदै रैथाने वाली, विउबिजन संरक्षण र प्रवर्द्धन गरिनेछ ।

गाउँ सभासदस्य ज्यूहरु,

१२. बाँफिकोट गाउँपालिकामा साना तथा घरेलु उद्यम विकास एवम् विस्तार गर्न व्यवसायिक तालिम प्रदान गरिनेछ। उद्यमीको स्तरोन्नती आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम संचालन गर्न आवश्यक सहयोग गरिनेछ। वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुलाई उद्यमशिलता तालिम दिई उद्योग तथा व्यवसाय स्थापनामा सहयोग गरिनेछ।

१३. बाँफिकोट गाउँपालिकामा साना तथा घरेलु उद्यम विकास एवम् विस्तार गर्न व्यवसायिक तालिम प्रदान गरिनेछ । सीप विकास तालिम कार्यक्रमलाई प्रभावकारी बनाउन हालसम्म सीप विकास कार्यक्रमबाट सीप सिकेका सहभागीहरुलाई छनौट गरी दक्ष बनाउँदै लगिनेछ । वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुलाई उद्यमशिलता तालिम दिई उद्योग तथा व्यवसाय स्थापनामा सहयोग गरिनेछ।

१४. बजारमा कालो बजारी, एकाधिकार, अस्वस्थ प्रतिस्पर्धा, कृत्रिम अभाव सिर्जना, उपभोक्ता हित विपरितका कार्य हुन नदिन, म्याद नाघेका खाद्य तथा पेय पदार्थको बिक्रि बितरणलाई रोक्न बजार अनुगमन तथा नियमन गरिनेछ।

१५. स्थानीय स्तरमा सन्चालित उद्योगहरुबाट उत्पादित वस्तु तथा सेवाको खरीद गर्ने र गाउँपालिकाले बजारीकरण गर्ने नीति लिइनेछ।

१६. स्यार्पूताललाई बाँफिकोट गाउँपालिकाको विशेष पर्यटकीय स्थल घोषणा गरी निरन्तर रुपमा स्यार्पूतालमा पर्यटन प्रवर्द्धन र संरक्षण गर्ने कार्यक्रमहरु कार्यान्वयन गरिनेछन् र गाउँपालिकाको नीति बमोजिम सङ्घीय सरकार र कर्णाली प्रदेश सरकारमा समेत कार्यक्रम तथा बजेट व्यवस्थाको लागि पहल तथा समन्वय गरिनेछ ।

१७. स्यार्पू दहको पर्यटन प्रवर्धन तथा संरक्षणका लागि फोहोरमैला व्यवस्थापन र सौन्दर्यकरणका कार्यक्रमका साथै सरसफाईको लागि चेतना जागृत गर्ने कार्यक्रमहरु सन्चालन गरिनेछ ।

१८. धार्मिक - पर्या पर्यटनलाइ जोड दिइनेछ । बुरालमष्ठ, कालभैरव, शिवालय, कुनाखेत, बज्यूमन्दिर लगायत मठ मन्दिरको संरक्षण गर्नुकासाथै धार्मिक तथा पुरातात्विक स्थानहरुको खोज, पहिचान, संरक्षण तथा प्रचार-प्रसारमा पहल गरिनेछ ।

१९. पर्यटकहरुको सुविधाको लागि होटेल, होमस्टे, पदमार्ग सुधार, पर्यटन मेला सन्चालनमा स्थानीयबासीको अग्रसरता प्रोत्साहन गरिने नीति लिइनेछ । स्यार्पू दह, तार्सुकाँडा, मेलगैरी, झारमारे, थुमालेख, त्रिशुलगारे, गुप्तीदह, भेरिखोला जारकाटे, पाथिभरेलाई हल्लिने ढुङ्गा स्यानीदह, बतासेगुफा दुधिलचौर दादुरे झरना सिमैछहरी लगायत धार्मिक तथा पर्यटकिय क्षेत्रको रुपमा विकास गरिनेछ। भम्पु चौरलाई Picnic Point स्थापनाको रुपमा विकास गरिनेछ ।

२०. स्थानीय मौलिक कला ,संस्कृति, भाषा, भेषभुषा र सभ्यताको संरक्षण तथा सम्वर्द्धनका साथै वाजा संरक्षण कार्यक्रमलाई निरन्तरता दिइने छ ।  गाउँपालिका भित्र नाचिने नाच र गाईने गीत संगीत, प्रथा परम्पराको संरक्षण र सम्वर्द्धन गरिनेछ । स्थानीय साहित्यकार, कलाकार, मुर्तिकारको कृति प्रकाशन र प्रदर्शनीमा सहयोग गरिनेछ ।

२१. सहकारी संस्थामा आवद्ध कर्मचारी तथा शेयर सदस्यहरुको क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।

२२. सहकारी क्षेत्रको विकासको लागि निरन्तर रुपमा सहकारीहरुको अनुगमन तथा सुपरीवेक्षण गरिनेछ। सहकारीको दर्ता, नविकरण, खारेजी, अनुगमन, नियमनलाई सरल, सहज, छिटोछरितो र प्रभावकारी बनाइनेछ।

**गाउँ सभासदस्य ज्यूहरु,**

२३. बाँफिकोट गाउँपालिकाको शिक्षा सुधारको लागि आर्थिक वर्ष २०८३-८४ शिक्षा गुणस्तर सुधार वर्षको रुपमा लिई बजेट विनियोजनलाई विशेष केन्द्रित गरिनेछ । प्रथम चरणमा बाँफिकोट गाउँपालिकाका विद्यालयहरुको अनुगमन मार्फत विद्यालयहरुको कक्षा कोठा व्यवस्थापन, सौचालय र सुरक्षित भवनको लागि रेलिङ पूर्वाधारको अडिट गरी प्राथमिकता निर्धारण गरिनेछ र सो बमोजिम आधारभुत तहदेखि वालमैत्री कक्षा कोठा व्यवस्थापन र आधारभूत आवश्यकता परिपूूतिको लागि एकमुष्ट ठेक्का व्यवस्थापन मार्फत कक्षाकोठा व्यवस्थापन, सौचालय निर्माण र सुरक्षाको लागि भवनमा रेलिङ निर्माण गरिनेछ ।

२४. शिक्षा सुधारको सम्पूर्ण सरोकारवालाहरुको महत्व र प्रयासको लागि सोच तथा विचार निर्माणको लागि गाउँपालिकाको सम्पूर्ण वडाहरुमा गाउँपालिका, वडापालिका, शिक्षक, अभिभावक, विद्यार्थी, राजनीतिकर्मी, नागरिक अगुवा, व्यवस्थापन समिति, सञ्चारकर्मीहरुको उपस्थितिमा वृहत सरोकारवालाहरुको भेला तथा अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२५. शिक्षकहरुको क्षमता विकासको लागि क्षमता विकासका कार्यक्रम तथा प्रशिक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

२६. आधारभुत शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक तह सम्म अनिवार्य शिक्षामा सवै बालबालिकाको सहज पहुँच सुनिश्चित गरिनेछ । "बालबालिकालाई विद्यालय ल्याऔँ , टिकाऔँ र सिकाउ " कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२७. कक्षा १-३ का विद्यार्थीहरुको शिक्षण सिकाइ कार्यलाई गुणस्तरीय बनाउन पूर्वाधारयुक्त कक्षाकोठा व्यवस्थापन गरिनेछ। साथै वालविकास सिकाइ सहजकर्ताको क्षमता अभिवृद्धि गर्न तालिम तथा बालमैत्री सीप विकासका कार्यक्रमहरु सन्चालन गरिनेछ । विद्यालयहरुमा बालमैत्री पूर्वाधार निर्माणकोलागि जोड दिइनेछ।

२८. विद्यार्थीहरुको सर्वाङ्गीण व्यक्तित्व विकासको लागि अन्तरविद्यालय तथा पालिकास्तरीय खेलकुद कार्यक्रम तथा वौद्धिक कार्यक्रमलाई जोड दिइनेछ। जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्डमा स्वर्ण पदक विजेता खेलाडी तथा क्षेत्रिय स्तरीय खेलमा छनोट हुने खेलाडीहरुलाई उचित सम्मान गरिनेछ।

२९. गाउँपालिकास्तरीय नमुना विद्यालयको रुपमा वीरेन्द्र माद्यामिक विद्यालयलाई छनौट गरिएको छ। गाउँपालिकाले प्राविधिक शिक्षामा जोड दिइ, पालिकाभित्र प्राविधिक विद्यालय सञ्चालन तथा तिनीहरुको क्षमता सुधार तथा गुणस्तर अभिवृद्धिमा जोड दिइनेछ। विद्यालयहरुलाई दिइने सवै अनुदान नतिजामा आधारित बनाइनेछ।

३०. सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक,दिवा खाजा, सञ्चालन तथा व्यवस्थापन अनुदान, निशुल्क स्यानिटरी प्याड वितरण, विपन्न लक्षित छात्रवृत्ति, प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ व्यवस्थापन, विद्यालयको विस्तृत भौतिक पूर्वाधार सर्वेक्षण तथा प्रतिवेदन तयारी, अनौपचारिक / परम्परागत शिक्षा सञ्चालन अनुदान, सामुदायिक विद्यालयहरुमा शैक्षिक कार्यक्रम सञ्चालन अनुदान, शैक्षिक सुशासन प्रवर्द्धनका लागि स्थानीय तहमा शैक्षिक कार्यक्रम सञ्चालन, आधारभूत सिकाइ (Foundational Learning ) प्रबर्द्धन कार्यक्रम सञ्चालन, स्वीकृत स्थानीय शिक्षा योजना कार्यान्वयनका लागि अनुदान, आधारभूत तह (कक्षा ६-८), माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान कार्यक्रम सन्चालन गरिनेछ।

३१. बाँफिकोट गाउँपालिकाको नमुना विद्यालयको रुपमा वीरेन्द्र माद्यामिक विद्यालयलाई घोषणा गरी शिक्षा गुणस्तर सुधारको निरन्तर रुपमा अनुदान रकम विनियोजन गर्ने व्यवस्था गरिनेछ।

३२. गाउँपालिकाले प्राविधिक शिक्षामा जोड दिइ, पालिकाभित्र प्राविधिक विद्यालय सञ्चालन तथा तिनीहरुको क्षमता सुधार तथा गुणस्तर अभिवृद्धिमा जोड दिइनेछ। विद्यालयहरुलाई दिइने सबै अनुदान नतिजामा आधारित बनाइनेछ।

३३. विद्यालय दिवा खाजा कार्यक्रममा स्थानीय खाद्य वस्तु उत्पादनलाई प्रोत्साहन गरिनेछ ।सामुदायिक विद्यालयहरुलाई जंक फुड निषेधित क्षेत्र घोषणा तथा कायम गरिनेछ।

३४. सबै विद्यालयहरुमा तहगत - विषयगत शिक्षकको व्यवस्था गरिनेछ । शिक्षण सिकाइलाई प्रभावकारी एवं व्यवस्थित बनाउन सबै विद्यालयमा इन्टरनेट तथा डिजिटल हाजिरको व्यवस्था गरिनेछ। आधारभूत तहका विद्यार्थी र शिक्षकहरुको क्षमता विकासकोलागि अक्षर सुधार तथा उत्प्रेरणा कार्यशाला सन्चालन गरिनेछ । सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको अन्तरनिहित प्रतिभा प्रस्फुटनकालागि प्रतिभा पहिचान कार्यक्रम सन्चालन गरिनेछ।

३५. शिक्षक भर्ना र सरुवा प्रक्रियालाई ब्यवस्थित गरिनेछ । गाउँपालिका भित्र अन्तरविद्यालय शिक्षक सरुवा गर्ने नीति लिइनेछ । विद्यालयको समन्वयमा शिक्षक विद्यार्थी र अभिभावक वीच अन्तरक्रिया कार्यक्रम गर्ने नीति लिइनेछ। पाँच वर्ष सेवा अवधि पुरा गरेका सामुदायिक विद्यालयका शिक्षकहरुको प्रतिष्पर्धाको माध्यम बाट प्रधानाध्यापक. छनोट गर्ने नीति लिइनेछ।

३६. विद्यार्थी मूल्यांकन र परिक्षा प्रणालीलाई प्रभावकारी बनाईनेछ। कक्षा ५ को परीक्षा वडा शिक्षा समिति र कक्षा ८ को परीक्षा गाउँपालिकाबाट सञ्चालन गरिनेछ। गाउँपालिका स्तरीय शैक्षिक कार्यतालिका निर्माण गरी एकरुपता ल्याइनेछ। शैक्षिक गतिविधिको सुपरिवेक्षण, अवलोकन तथा मूल्याकंनलाई प्रभावकारी बनाइनेछ। विज्ञ समुह निर्माण गरी नमुना पाठ प्रर्दशन तथा कक्षा अवलोकन तथा पृष्टपोषण प्रदान गरिनेछ । गाउँपालिकास्तरीय कक्षा ८ को नतिजा प्रकाशनगर्नका लागि Web Based System (Website) प्रयोग गरिनेछ।

३७. सामुदायिक विद्यालयको व्यवस्थापनलाई प्रभावकारी बनाउन विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरुलाई तालिमको व्यवस्था गरिनेछ । शिक्षकहरुको पेशागत क्षमता विकास गरी, विद्यार्थीको उपलब्धिलाई शिक्षकको कार्यसम्पादन सँग प्रत्यक्ष आवद्धता गरी पुरस्कार सहित सम्मान गर्ने व्यवस्था मिलाइनेछ। विद्यालयहरुको नक्सांकन तथा मापदण्ड निर्माण गरी विद्यालय मर्ज तथा शिक्षक दरबन्दी मिलान गर्ने नीति लिइनेछ।

**गाउँ सभासदस्य ज्यूहरु,**

३८. बाँफिकोट गाउँपालिका बासी सबै व्यक्तिलाइ आधारभुत स्वास्थ्य सेवा निशुल्क प्रदान गरिनेछ। उत्कृष्ट स्वास्थ्य स्वयंम सेविकालाई पुरस्कार सहित सम्मान गरिनेछ। विशेष मातृ शिशु स्याहार कार्यक्रमलाई प्राथमिकताका साथ संचालन गर्नुका साथै बर्थिङ सेन्टर सुधार गरि संस्थागत सुत्केरी (No Home Delivery) गराउने कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ। . गाउँपालिकाभित्र एम्बुलेन्स सेवालाई थप प्रभावकारी तुल्याइ, सुत्केरी हुन अस्पताल जाने महिलाहरूलाई वर्थिङ सेन्टरको रिफर भएमा जिल्लाभित्र पूर्ण निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ। साथै गाउँ-गाउँमा पुगेर गर्भवती महिलाहरूका लागि भिडियो एक्सरे गर्ने व्यवस्था मिलाइनेछ। बाँफिकोट गाउँपालिकालाई शून्य होमडेलिभरी सुनिश्चित गाउँपालिका घोषणा गरिनेछ।

३९. स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्न घुम्ति स्वास्थ्य सेवा शिविर, मानसिक स्वास्थ्य सेवा शिविर, शिशु स्वास्थ्य खोप कार्यक्रमलाई विशेष जोड दिईनेछ। कुपोषण भएका बच्चाहरुको पहिचान गरि निःशुल्क उपचारको व्यवस्था गरिनेछ। अति विपन्न र उपचार बाट बञ्चित घर परिवारहरुलाई स्वास्थ्यमा थप सहयोग गर्ने नीति लिइनेछ।

४०. बाँफिकोट गाउँपालिकामा हस्तान्तरित सङ्घीय शसर्त अन्तरगतका कार्यक्रमहरुलाई प्रभावकारी कार्यान्वयन गर्न बाँफिकोट गाउँपालिका सम्पूर्ण स्वास्थ्य संस्थाहरु, कर्मचारीहरु, स्वयसेविका, जिल्ला स्वास्थ्य कार्यालय लगाएत सम्पूर्ण साझेदारसंस्थाहरुको परिचालन, सहकार्य, समन्वय गरी स्वास्थ्य सेवाको पहुँच नागरिकस्तरमा पुर्याई राज्यको उपस्थिति अनुभूति हुने गरी सन्चालन गरिनेछन्।

४१. पालिकामा आयुर्वेद उपचार केन्द्र र जडिबुटी प्रवर्द्धनको योजना संचालन गरिनेछ। आकस्मिक दुर्घटनामा परेका नागरिकहरुलाई प्राथमिक स्वास्थ्य उपचार केन्द्र सम्म निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ। क्यान्सर, मृगौला रोगी, मुटू रोगी, स्पाइनल इन्जुरी लगायतका दिर्घरोगीहरुलाई पहिचान गरि राहतको व्यवस्था गरिनेछ।

**गाउँ सभासदस्य ज्यूहरु,**

४२. "स्वच्छ पानी सुरक्षित जिन्दगानी" भन्ने नारालाई आत्मसाथ गर्दे सबै नागरिकलाई सहज खानेपानी पहुच उपलव्ध गराइनेछ। वृक्षारोपण गरी पानीका मूल, मुहान र स्रोतलाई संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

४३. "एक घर एक धारा" बाट स्वच्छ र सफा खानेपानी उपलव्ध गराउन कार्यक्रमलाई एक घर एक धारा नपुगेका वडा तथा टोलहरुमा निरन्तरता दिईनेछ। लक्ष्यित समुदायकालागि कालाखोला बाँफिकोट खानेपानी निर्माण आयोजनालाइ यसै वर्ष सम्पन्न गरिनेछ।

४४. बजार क्षेत्रमा उत्पादन हुने फोहोरजन्य वस्तुहरुको उचित व्यवस्थापन गरिनेछ। विद्यालय, स्वास्थ्य संस्था, पर्यटकीय स्थल तथा सार्वजनिकस्थल लगायतका सार्वजनिक सरोकार राख्ने ठाउँहरुमा प्लाष्टिक तथा शिसाजन्य फोहोरमैला व्यवस्थापनको लागि आवश्यक नीति अवलम्बन गरिनेछ। जथाभावि रुपमा सार्वजनिक स्थानहरुमा फोहोर फालेमा प्रचलित कानुन बमोजिम कार्वाही गरिनेछ।

**गाउँ सभासदस्य ज्यूहरु,**

४५. "राष्ट्रको लागी खेलकुद स्वास्थ्यको लागि खेलकुद" भन्ने नारालाई अबलम्बन गर्दै बाँफिकोट गाउँपालिका स्तरीय भलिबल लिग सन्चालन गरिनेछ। गाउँपालिकाबाट राष्ट्रिय खेल प्रतिभाहरु उत्पादन गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय पदक विजेताहरुलाई विशेष सम्मान गरिनेछ। खेलकुद सँग सम्बन्धित क्लब तथा संस्थाहरुलाई सुदृढ एवम् व्यवस्थित बनाउन आवश्यक सहयोग गरिनेछ।

४६. तुलनात्मक रूपमा दलितहरू आर्थिक रुपले विपन्न र सिपले सम्पन्न छन्। उनीहरूको परम्परागत पेसालाई आधुनिकीकरण र व्यवसायीकरण गर्दै लिइनेछ। महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकहरू लगायतका लक्षित वर्गहरूका लागि सीप विकास तथा आयआर्जन कार्यक्रम सञ्चालन गरिनेछ। बालबालिकाहरूको क्षमता विकासका उपयुक्त

अवसरहरू प्रदान गरिनेछ ।धार्मिक महत्वका स्थानमा जेष्ठ नागरिक तीर्थाटन गराउने नीति लिइनेछ ।

४७. बालविवाह, छुवाछुत, महिला हिंसा, बालश्रम शोषण, मदिरापान तथा विक्रीवितरण, धाँमी झाँक्री लगायतका अन्धविश्वास, कुसंस्कार, कुरीतिलगायतका सामाजिक सांस्कृतिक विकृति विसङ्गति विरुद्ध सामाजिक सांस्कृतिक रुपान्तरणको अभियान सञ्चालन गरिनेछ ।

४८. लैगिंक हिंसा विरुद्ध शुन्य सहनशीलताको नीति अवलम्बन गरी, लैङ्गिक समानता र समावेशीकरण रणनीति कार्यान्वयनमा ल्याइनेछ। महिला, दलित, विपन्न वर्गको क्षमता विकास र दिगो आयआर्जनमा टेवा पुर्याउन आयआर्जमूलक र सीपमूलक तालिमको व्यवस्था गरिनेछ । बालमैत्री स्थानीय शासन अवलम्बन गरिनेछ ।

४९. जेष्ठ नागरिक, असहाय, अशक्त, अपाङ्ग तथा विपन्नहरुको जोखिमयुक्त आर्थिक अवस्थाको निरुपण गर्न जनतासँग अध्यक्ष सहायता कार्यक्रम तथा उपाध्यक्ष कोसेली कार्यक्रम सन्चालन गरिनेछ ।

५०. अपांग परिचय पत्र, जेष्ठ नागरिक परिचय पत्र वितरणलाई सहज बनाईनेछ । परिचय पत्रको आधारमा सहुलियत तथा सुविधा पाउने व्यवस्था गरिनेछ।

५१. जन आन्दोलन तथा सशस्त्र संघर्षको क्रममा शहिद तथा बेपत्ता परिवारहरुलाई शहिद स्मृति भत्ता र घाईते अपांगहरुलाई जीवन निर्वाह भत्ताको व्यवस्था गरिनेछ। द्वन्द प्रभावित महिलाहरुलाई आयआर्जनको लागि आवश्यक बजेट व्यवस्थापन गर्ने नीति लिइनेछ।

५२. गाउँपालिकाको आवधिक योजना, ग्रामिण यातायात गुरुयोजना, अनुसार सडकको नयाँ ट्र्याक खोलिनेछ । ट्रयाक खोलिएका सडकहरूको स्तरोन्नती गरिनेछ । विद्युत, खानेपानी तथा सिंचाइका क्षेत्रहरुमा आवश्यक बजेट व्यबस्था गरिनेछ । संघिय सरकार शसर्त अनुदानबाट उत्पादकत्वको लागि पुमाजिउला तल्लावगर जिउला दह सिचाइ आयोजना, मग्मा स्वास्थ्य चौकी भवन निर्माण आयोजना बाँफिकोट ६, बाँस्थला-पानीजाग्ने झोलुङ्गे पुल रणनितिक पुर्वाधारका योजनाहरुलाई कार्यन्वयन गरिनेछ ।

५३. स्थानीय तह, प्रदेश र केन्द्र सरकारको अन्तरसम्बन्धमा आधारित लागत सहभागितामा सञ्चालित आयोजनाहरुलाई प्राथमिकता दिइनेछ ।

५४. नेपाल सरकारले निर्धारण गरेको न्यूनतम मापदण्ड तथा बाँफिकोट गाउँपालिकाको भवन निर्माण मापदण्ड र आचारसंहिता अनुरुपको बस्ति विकास योजनालाई लागु गरी व्यवस्थित पूर्वाधारको निर्माण गरिनेछ ।

५५. निर्माण गरिने सार्वजनिक पूर्वाधारहरूको दीगोपना र गुणस्तर कायम गर्नका लागि गाउँपालिकामा पूर्वाधार ल्याव स्थापना गर्न आवश्यक पहल गरिनेछ । आयोजनाको आयु निर्धारण गरी गुणस्तर प्रवर्धनमा जिम्मेवार बनाइनेछ ।

५६. विकास निर्माणका कार्यहरुमा गुणस्तर कायम गर्न निरीक्षण, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाईने छ । निर्माण कार्यलाइ छिटो छरितो र गुणस्तरीय बनाउने उद्देश्यकालागि निर्माण ब्यावसायी सम्मान कार्याक्रमलाइ अगाडी बढाइने छ ।

५७. भौतिक पूर्वाधार निर्माणको गुणस्तर परीक्षण गर्न जिल्ला भित्र रहेका सम्बन्धित निकायहरुसँग सहकार्य गरी गाउँक्षेत्र भित्र हुने भौतिक पुर्वाधार निर्माण कार्यको गुणस्तर सुनिश्चित गरिनेछ।

**गाउँ सभासदस्य ज्यूहरु,**

५८. बाँफिकोट गाउँपालिकामा भइरहेको क्रमिक जनसंख्या वृद्धि तथा बढ्दो सहरीकरणलाई मध्य नजर गर्दै गाउँपालिका क्षेत्रभित्र व्यवस्थित बसोबास गराउने उदेश्य एकीकृत बस्ति विकास कार्यक्रमलाइ अगाडि बढाइनेछ।

५९. पूर्वाधार निर्माणमा उपभोक्तालाई सहभागि बनाइनेछ । जनसहभागितामा आधारित विकास आयोजनालाई प्राथमिकता दिइनेछ । 'एक घर एक खानेपानी धारा' को अभियानलाई थप विस्तार र व्यवस्थित गरिनेछ ।

६०. जलाधार क्षेत्र र पानीका मुहानहरूको संरक्षणका लागि सुख्खा डाँडा तथा नदी किनारका फाँटमा वृक्षारोपण अभियानमा सहकार्य र साझेदारी गरिनेछ ।

६१. भौतिक संरचनाहरू निर्माण गर्दा बालमैत्री, अपाङ्गतामैत्री र वातावरणमैत्री बनाउन विशेष ध्यान दिइनेछ । पूर्वाधार विकास गर्दा हुनसक्ने भूक्षयलाई कम गर्नका लागि बायो-इन्जिनियरिङ पद्धतिलाई अवलम्बन गरिनेछ ।

६२. योजना मर्मत सम्भारका लागि छुट्टै मर्मत सम्भार कोष खडा गरि सञ्चालनमा ल्याईने छ । सडक मापदण्ड स्वीकृत गरी कार्यक्रम अघि बढाईनेछ।

६३. सबै घरमा बिजुली बत्ती पुर्‍याउनको लागि विद्युत प्राधिकरण सँग समन्वय एवम् सहजिकरण गरिनेछ।

६४. सडक अधिकार क्षेत्र निर्धारण गर्ने सडक रुट तोक्ने, यातायात भाडा दर तोक्ने कार्यलाई जोड दिइने छ । पुराना र मापदण्ड विपरितका सवारी साधनमा रोक लगाई ट्राफिक नियम पालनामा जोड दिई यातायात व्यवस्थापनलाई चुस्त दुरुस्त बनाईनेछ।

६५. पालिकाका १० वटै वडालाई प्रतिनिधित्व गर्ने गरि रिङ रोडको निर्माण तथा स्तरोन्नती कार्यलाई निरन्तरता दिइनेछ। विकट लेखाबाङ क्षेत्रलाई सडक सञ्जालमा जोडन आवश्यक पहल गरिनेछ। सडक सन्जालमा नजोडिएका वस्तीहरुलाइ सडक सन्जालमा जोडिनेछ । विकास निर्माण प्रक्रियामा समावेशी नीति लिईनेछ ।

६६. युवा बेरोजगारहरुको एकीकृत तथ्याङ्क तयार गरी गाउँपालिकाबाट रोजगारमूलक योजना छनोट गरिनेछ । प्राविधिक तथा व्यवसायिक तालिम केन्द्रको संचालन गरि स्वरोजगारमुलक कार्यक्रम संचालन गरिनेछ ।

**गाउँ सभासदस्य ज्यूहरु,**

६७. राष्ट्रिय रोजगार कार्यक्रम मार्फत पुर्वाधार निर्माण, भुकम्प प्रतिरोधात्मक संरचना निर्माण, दक्ष मिस्त्रि, सिकर्मी, डकर्मी विकास, खानेपानी, झोलुङ्गे पुल, सडकपुल, ठुला भवन निर्माण, रंगरोगन, प्लम्बिङ, वायरिङ, सटरिङ आदि विषयमा तालिम सन्चालन गरी स्थानीय जनशक्तिको विकासमा विशेष जोड दिईनेछ । राष्ट्रिय रोजगार कार्यक्रम तथा मुख्यमन्त्री रोजगार कार्यक्रमबाट रोजगार पाउने व्यवस्थित र सहि रुपमा संचालन गर्ने नीति अबलम्बन गरिनेछ ।

६८. वातावरण संरक्षणका लागि सार्वजनिक जग्गामा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछन् । प्राकृतिक स्रोतको समुचित उपयोगको नीति अवलम्बन गरिनेछ ।

६९. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना अवलम्बन गरी, स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको कार्यान्वयन गरिनेछ । विपद् जोखिम न्यूनीकरण तयारी, रोकथाम, राहत तथा पुनस्थापनाका लागि कार्ययोजना बनाइ कार्यान्वयनमा ल्याइनेछ । योजना छनोट तथा संचालन गर्दा वातावरण संरक्षणलाइ पहिलो प्राथमिकता दिइनेछ ।

७०. जलवायु अनुकुलन योजना अद्यावधिक गरी कार्यान्वयन गरिनेछ। विपद तथा जलवायुजन्य प्रकोपमा आपतकालीन केन्द्र स्थापना तथा स्वयंसेवकहरु तयार गरि परिचालन तथा संचालनमा ल्याइनेछ।

७१. सानीभेरी नदीले पालिका भित्र कटान गरेका कुनाखेत, लामातरा डुब्का राजिखेत गाराघाट, भेराखेत, जग्रा भाग्ले, बालुवाचौर, बोजेरी,बडगाईखोला लगायतका ठाउँमा तटबन्धन निर्माण गरिनेछ ।

७२. गाउँपालिकाको संगठन संरचना तथा दरवन्दी सर्वेक्षण गरि आवश्यक जनशक्ति ब्यवस्थापन गरिनेछ । एकिकृत सेवा प्रवाहका लागी गाउँपालिकाको प्रशासकीय पूर्वाधारलाइ सुदृढ बनाइनेछ ।

७३. बाँफिकोट गाउँपालिकावाट प्रवाह हुने सेवा प्रति नागरिकको सन्तुष्टि मापन गरिनेछ । सेवा सम्बन्धी गुनासोहरुको सङ्कलन, सुनुवाइ र सम्बोधन कार्यलाई व्यवस्थित गरिने छ । वडा र पालिकास्तरीय सार्वजानिक सुनुवाइ कार्यक्रमलाइ सञ्चालन गरिनेछ ।

७४. गाउँपालिकाको संस्थागत सुशासन र मानव संसाधन विकासका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी सङ्घसंस्थाहरूसँग सहकार्य गर्ने नीतिलाई निरन्तरता दिइने छ । जेष्ठ नागरिक, गर्भवती र सुत्केरी महिला, बालबालिका, अपाङ्गता भएका सेवाग्राहीहरूलाई सेवामा पहिलो प्राथमिकता दिइनेछ ।

७५. विद्युतीय सूचना प्रणाली (E- Governance System) को नीति अवलम्बन गरिनेछ । साथै, जनप्रतिनिधि र कर्मचारीहरुको प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक विषयगत र क्षेत्रगत

क्षमताको विश्लेषण मार्फत संस्थागत सुशासन कायम गर्ने नीति लिईने छ । बाँफिकोट गाउँपालिकाको वस्तुस्थिति झल्किने गरि डिजिटल गाउँ पाश्वचित्र (Municipal Digital Profile) निर्माण गरि नियमित अद्यावधिक गर्ने व्यवस्था मिलाइने छ ।

७६. न्यायिक समितिबाट सम्पादन हुने कार्यलाई व्यवस्थित र प्रभाबकारी रुपमा कार्यान्वयन गर्न मेलमिलाप केन्द्रको स्थापना तथा मेलमिलापकर्ताहरुलाई तालिम तथा सूचिकरणको लागि आवश्यक पर्ने बजेटको व्यवस्था गरिनेछ ।

**गाउँ सभासदस्य ज्यूहरु,**

७७. पालिकाका हरेक निर्णयहरु पालिकाको वेव साइट, सूचना पाटि,संचार माध्यम मार्फत प्रकाशन गरिनेछ । एकिकृत सेवा प्रवाहकालागि संस्थागत सुदृढिकरण, क्षमता विकास, तथा आवश्यक पूर्वाधारको निर्माण गरिनेछ ।

७८. बाँफिकोट गाउँपालिकाको बेरुजु रकम फछर्यौट गरि बेरुजु रकम न्यून गर्दै लगिनेछ ।

७९. गाउँपालिकालाई बदलिदो परिवेशसँग सामना गर्न सूचना तथा संचार प्रविधिको विकासमा आवश्यक पर्ने स्रोत साधनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

८०. गाउँपालिका र वडा कार्यालयबाट प्रवाह हुने सेवा प्रवाहहरुलाई प्रविधिमैत्री गराउँदै लगिनेछ ।

८१. स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन प्रणाली(LGPAS) लाइ प्रभावकारी बनाउन अमुखिकरण- तालिम सन्चालन गरिनेछ ।

८२. वित्तिय मितव्ययितालाई अनुभव हुने गरी कायम गरिनेछ । अनलाइन तथा इ पेमेन्ट लाइ अनिवार्य तथा पूर्णरुपमा लागु गरिनेछ । आन्तरिक आयको वृद्धि तथा दिगो विकासका लागि कर प्रशासनलाई व्यवस्थित बनाइने छ।

८३. करको दायरा फराकिलो बनाउँदै करका दरहरुमा राजश्व परामर्श समितिको सिफारिसलाइ आधार लिइ आवश्यक हेरफेर गरिनेछ। महालेखा नियन्त्रकको कार्यालयबाट सन्चालित राजस्व

पोर्टलको प्रयोग गरि राजस्व संकलन गर्ने तथा आम सेवाग्राहीलाइ प्रयोग गर्ने प्रोत्साहन गरिनेछ । करको दायरा भित्र नपरेका र सार्वजनिक तथा सरकारी जग्गामा बसी व्यापार व्यवसाय गर्ने व्यवसायीहरु सँग मापदण्ड कर लिने नीति लागु गरिनेछ ।

८४. कार्यालयमा तत्काल आवश्यक पर्ने थप जनशक्तिको व्यवस्थापन प्रचलित कानुन तथा करार सेवा निर्देशिका र मापदण्डको आधारमा गरिनेछ । यस अघि गरिएका सेवा करारलाइ कार्यालयको आवश्यकता; स्रोत, साधन तथा क्षमता तथा ब्यक्तिको योग्यता, कार्य सम्पादन मूल्याङ्कन लाई हेरी निरन्तरता दिने नीति लिइने छ।

८५. उत्कृष्ट कर्मचारीलाई कार्यसम्पादनका आधारमा पुरस्कृत गर्ने व्यवस्था गरिनेछ । मौजुदा जनशक्तिलाई समयानुकुल सक्षम बनाउन आन्तरिक एवम् बाह्य सहयोगका आधारमा तालिम दिने नीतिलाई प्राथमिकता दिइनेछ।

८६. यस पालिका भित्र रहेका अपाङ्ग, विपन्न, दलित, जनजाति, महिला, गरिब लगायत विभिन्न समुदायमा छरिएर रहेका विद्यार्थीहरुलाई राष्ट्रप्रति अभिप्रेरित गर्दै लोकसेवा आयोग तयारी कक्षाहरु सञ्चालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

८७. बाँफिकोट गाउँपालिकामा कार्यक्षेत्र बनाइ काम गर्ने गैरसरकारी सङ्घ संस्थाहरूले आफ्नो बजेट तथा कार्यक्रम अनिवार्य रूपमा स्वीकृत गराइ कार्यान्वयन गर्नुपर्ने व्यवस्था लागू गरिनेछ ।

**गाउँ सभासदस्य ज्यूहरु,**

बाँफिकोट गाउँपालिकाको आर्थिक वर्ष २०८३-८४ को प्रस्तुत नीति तथा कार्यक्रमले संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्दान्त, नीति तथा दायित्वको प्रभावकारी कार्यान्वयन मार्फत ""समृद्द नेपाल, सुखी नेपाली"" को सपनालाई साकार पार्न सहयोग पुर्याउनेछ । यस नीति तथा कार्यक्रमका अन्तरनीहित लक्ष्य, उद्देश्य प्राप्त गर्न बाँफिकोट गाउँपालिकाका सम्पूर्ण नागरिकहरु, राजनीतिकर्मीहरु, सामाजिक अगुवाहरु, नागरिक समाज, साझेदार संस्थाहरुको सहमति, सहकार्य र सामूहिक प्रतिबद्धताको नीति अवलम्बन गर्नेछ । प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनमा बाँफिकोट सरकारलाई सबैबाट सक्रिय सहयोग र साझेदारि प्राप्त हुने विश्वास लिएको छु ।

अन्त्यमा, यस नीति तथा कार्यक्रमका सम्बन्धमा मार्गदर्शन एवम् रचनात्मक सुझाव दिनुहुने गाउँसभाका सदस्यज्यूहरु, सबै राजनीतिकदलका पदाधिकारीहरु, गैरसरकारी संघसंस्थाहरु, नागरिक समाज, राष्ट्रसेवक कर्मचारीहरु, शिक्षक, बुद्धिजिवि, सुरक्षाकर्मी, निजी क्षेत्र, पत्रकार लगायत सम्पूर्ण बाँफिकोट गाउँपालिकाबासिमा हार्दिक आभार व्यक्त गर्दछु ।

## धन्यवाद !